**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

BROADCAST: 18:40 hrs.                    Date: 06.11.2025

IUCN ले कञ्चनजङ्घा राष्ट्रिय निकुञ्जलाई 'राम्रो' दर्जा दियो।

प्रकृति संरक्षणको लागि अन्तर्राष्ट्रिय संघ (IUCN) ले हालै प्राकृतिक विश्व सम्पदा स्थलहरूको आफ्नो पछिल्लो विश्वव्यापी समीक्षामा कञ्चनझङ्घा राष्ट्रिय निकुञ्जलाई राम्रो अनि ऊर्जा दिएकोछ, यो मूल्याङ्कन प्राप्त गर्ने एकमात्र भारतीय निकुञ्ज हो, जबकि पश्चिमी घाट र सुन्दरवन जस्ता अन्य महत्तवपूर्ण क्षेत्रहरूले गम्भीर चिन्ताको सामना गरिरहेका छन् ।

आधाकारिक रूपमा कञ्चनजङ्घा बायोस्फियर रिजर्भको रूपमा चिनिने, यो भारतको पहिलो 'मिश्रित' युनेस्को विश्व सम्पदा स्थल हो, जसलाई 2016 मा प्राकृतिक सौन्दर्य र सांस्कृतिक महत्तवको संयोजनको लागि चिनहारी गरिएको थियो। पार्कमा 280 हिमनदीहरू, 70 भन्दा बढी हिमनदी तालहरू र वन्यजन्तुहरूको समृद्ध विविधता छ।

16 नोभेम्बरमा गभर्नर गोल्ड कप सुरू हुँदै

सिक्किम फुटबल संघका अध्यक्ष श्री मेनला एथेम्पा र कार्यकारी सदस्यहरूले आज राजभवन सिक्किमको शिष्टाचार भ्रमण गर्नुभयो।

एथेम्पाले 16 नोभेम्बरबाट शुरू हुनभएको 41 औं अखिल भारतीय गभर्नर गोल्ड कप अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता को समारोहमा राज्यपाल एमप्रकाश माथुरलाई जानकारी गराए र निम्तो दिए।

सिक्किम 13 देखि 16 नोभेम्बर सम्म 13 औं अन्तर्राष्ट्रिय पर्यटन मार्ट  आयोजना गर्ने

सिक्किममा 13 देखि 16 नोभेम्बरसम्म आयोजना हुने 13 औं अन्तर्राष्ट्रिय पर्यटन मार्ट (ITM) को तयारीको लागि आज एक पत्रकार सम्मेलन आयोजना गरिएको

थियो। उक्त सम्मेलनलाई पर्यटन तथा नागरिक उड्डयन विभाग र वाणिज्य तथा उद्योग विभागका मन्त्री छिरिङ थेन्डुप भुटिया, अतिरिक्त मुख्य सचिव सीएस राव र सचिव नीरज प्रधानले सम्बोधन गर्नुभएको थियो।

आफ्नो सम्बोधनमा मन्त्री भुटियाले भारत सरकारको पर्यटन मन्त्रालयसँगको सहकार्यमा पर्यटन तथा नागरिक उड्डयन विभागद्वारा आयोजना गरिएको कार्यक्रमको लागि योजनाबद्ध गतिविधिहरूको श्रृंखलामाति प्रकाश पार्नुभयो, उहाँले भन्नुभयो।....बाइट

सञ्चारकर्मीलाई सम्बोधन गर्दै अतिरिक्त मुख्य सचिव सीएस रावले अन्तर्राष्ट्रिय पर्यटन मार्ट सिक्किम सशस्त्र प्रहरीको माथिल्लो मैदान, पाङ्थाङमा आयोजना हुने जानकारी दिए, जसमा 18 देशहरूबाट सहभागिता हुने अपेक्षा गरिएको छ। उनले तीन दिने कार्यक्रमको क्रममा योजना बनाइएका विभिन्न गतिविधिहरूको पनि रूपरेखा प्रस्तुत गरे र सिक्किमलाई सपनाको गन्तव्यको रूपमा प्रदर्शन गर्ने उद्देश्यमा जोड़ दिए।

आफ्नो मन्तव्यमा, सचिव श्री नीरज प्रधानले अन्तर्राष्ट्रिय पर्यटन मार्टले स्तानीय उत्पादन, विचार र नवप्रवर्तनलाई प्रवर्द्धन गर्न अर्थपूर्ण प्लेटफर्म प्रदान गर्ने कुरामा प्रकाश पारे। उनले भने कि विश्वव्यापी सहभागीहरूको उपस्थितिले स्थानीय सरोकारवालाहरूलाई आफ्नो काम प्रस्तुत गर्न र विस्वव्यापी पर्यटन नक्सामा सिक्किमलाई देखाउन अनौठो अवसर प्रदान गर्दछ।

**गेजिङ जिल्ला कार्यलयः नागरिक शिकायत केन्द्र र विभागीय अध्यक्षका कार्यलय स्थापना**

ग्रामीण विकास विभाग गेजिङ जिल्ला कार्यलयमा नागरिक शिकायत केन्द्र साथै विभागीय अध्यक्षको कार्यलय स्थापना गरिएको छ। यस कार्यलयको उद्घाटन आज ग्रामीण विकास विभागका  अध्यक्ष नारायण खतिवडाको बाहुलिबाट गरियो। उद्घाटन पछि सम्पन्न कार्यक्रममा विभागका योजना र अहिलेसम्म गरिएको उपलब्धि र थातीमा रहेको कामहरू बारे अतिरिक्त जिल्ला विकास अधिकारी सुरत गुरूङले पावर पोइन्ट मार्फत जानकारी गराए। यस कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष खतिवडाले यो कार्यलय स्थानीय नागरिकहरूको सुविधाको निम्ति खड़ा

गरिएको र जति पनि शिकायतहरू आउछन् त्यसलाई सरकार सम्म पुर्याउने सेतुको रूपमा भविष्यमा कम गरिने बताए। समाधानपछि फिडबैक लिनु र आवश्यक सुधार गर्नु सम्पूर्ण प्रक्रियामा पारदर्शिता कायम राख्नु पर्ने बताउदै हरेक शुक्रबार यो कार्यलय बस्ने पनि उनले बताएका छन्। यस कार्यलयलाई सक्रिय रूपमा सञ्चालन गर्ने दुई कर्मचारीहरू पनि नियुक्ति गरिएको छ भने लिखित रूपमा सबैले सामाजिक आफ्नो पक्षहरू राख्न सक्ने जानकारी दिए।